जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ११६ पृष्ठः ४ | २०८१ भदौ १४ गते शुक्रबार (Friday 30 Aug. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## विद्यार्थीसंग मेयर कार्यक्रम सुरु




**जीवछ उदासी**

लहान, १३ भदौ। लहान सिटी जेसिसको आयोजनामा विधार्थीसँग मेयर कार्यक्रमको सुरुवात गरेको छ। कार्यक्रमको सुरुवात लहान–१९ स्थित श्री जनता माध्यमिक विद्यालय सोनमति मझौराबाट सुरु गरेको हो। कार्यक्रममा नगरप्रमुख विद्यार्थीहरुले राखेका समस्या नगरप्रमुखले सुनिएको थियो। विद्यार्थीले राखेका समस्या सुनेर नगरप्रमुख चौधरीले भौतिक पक्षलाई व्यवस्थित र शैक्षिक पक्षकलाई उत्कृष्ट बनाउन लहान नगरपालिकाले शिक्षालाई प्राथमिकतामा राखेर अघि बढिरहेको बताए।

एक कक्षा एक शिक्षक एक विद्यालय एक कम्प्यूटर ल्याव कार्यक्रम ल्याएर अघि बढिरहेको नगरप्रमुख चौधरीले भन्दै लहान सिटि जेसिसले आयोजना गरेको नगरप्रमुखसँग विधार्थी कार्यक्रमबाट विधार्थीहरुको चाहना बुझ्न सक्ने प्रष्टयाए। कार्यक्रम लहान सिटि जेसिका अध्यक्ष उमेश यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अरबिन्द दास, लहान सिटि जेसिका पूर्व अध्यक्षहरु शङ्कर प्रसाद गुप्ता र राकेश झाको उपस्थिति रहेको थियो।

## घरमै लागुऔषध बिक्री–वितरण गरेको आरोपमा एक पक्राउ



सिरहा, १३ भदौ। आफ्नै काकाको घरमा प्रतिबन्धित लागुऔषध बिक्री–वितरण गरिरहेको आरोपमा सिरहा प्रहरीले मिर्चैयाबाट एक युवकलाई लागुऔषधसहित पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार आफ्नै काकाको घरमा लागुऔषध बिक्री–वितरण गरिरहेको गोप्य सूचनाको आधारमा बुधबार मिर्चैया नगरपालिका– ६ मटियर्वाका करिब २५ वर्षीय सुरेश यादवलाई पक्राउ गरिएको हो। इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले घरमै नियन्त्रणमा लिई शरीर खानतलासी गर्दा एक थान मोबाइल, नगद आठ हजार रुपैयाँ फेला परेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए।

–बाँकी अन्तिम पेजमा

## टीआरसी विधेयक पारित भएकोमा विभिन्न देशको स्वागत

काठमाडौं, १३ भदौ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी (टीआरसी) विधेयक दुवै सदनबाट पारित भएकोमा अमेरिका, यूरोपियन युनियन (ईयू) सहित विभिन्न देशले स्वागत गरेका छन्। अमेरिका, स्विट्जरल्यान्ड, अस्ट्रेलिया, बेलायत, नर्वे, जापान, फिनल्यान्ड, जर्मनी, फ्रान्स र युरोपियन युनियनले स्वागत गरेका हुन्। उनीहरूले आज संयुक्त वक्तव्य निकालेर पीडितको हितका लागि नेपाल सरकारलाई मद्दत पुर्‍याउने सम्भावित संयन्त्रहरूको खोजी गर्ने प्रतिबद्धतासमेत जनाएका छन्। नेपालको इतिहासको यो खण्डलाई सफल निष्कर्षमा पुर्‍याउन सबै सरोकारवाला एकजुट भएर लाग्नुपर्ने बेला आएको वक्तव्यमा उल्लेख छ।

## स्वास्थ्य मन्त्रालयः पद एक, दावी दुई

**सुरेशकुमार यादव**

जनकपुरधाम, १३ भदौ। मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा डा. प्रमोद यादव प्रदेश सचिवको रुपमा कार्यरत थिए। प्रदेश सरकार मातहतका कर्मचारी यादव वहाल रहेकै अवस्थामा संघीय सरकारले सोही पदमा अर्का कर्मचारी डा. संजय कुमार ठाकुरलाई पठाइदियो। गत असारमा आइपुगेका डा. ठाकुरले स्वभाविक प्रक्रिया अनुरुप तोकिएको निकायमा हाजिर हुन



जाँदा तत्कालिन सचिव डा. यादव पक्षले अवरोध गर्‍यो। डा. ठाकुर पक्षले अनेक प्रयास गर्दा पनि हाजिर हुन नसकेपछि अदालतको सहारा लिनुपर्‍यो। सुरुमा अदालतको आदेशलाई पनि स्वीकार्न तयार नदेखिएको प्रदेश मन्त्रालयले दोस्रो पटक ताकेदा आएपछि तत्काल व्यवस्थापन गर्दै डा. यादवलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरुवा गर्‍यो।

डा. ठाकुर मन्त्रालयमा प्रदेश सचिवको रुपमा हाजिर भए। उनी सचिवको आसनमा बसेको डेढ महिना बितिसक्यो। तर, अहिलेसम्म पूर्ण रुपले अधिकार सम्पन्न भएर काम गर्न सक्ने अवस्था बन्न नसकेको उनको गुनासो छ। सुरुमा मन्त्रालयमा

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, 9815732999, 9805973429, 033-550585

MA DHAMINI AUTO CONCERN
GOLBAZAR, 9801591693

SNEHA AUTO ZONE
SIRAHA-7, THANA CHOWK, 033-520255, 9801552815

## कांग्रेस महामन्त्री शर्माले भेटे रुबी खानलाई



काठमाडौं, १३ भदौ। न्यायको माग गर्दै प्रदर्शनमा उत्रिएका रुबी खानसहितको अधिकारकर्मीको टोलीसँग बिहीबार कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले भेटेका छन्। माइतीघरमा धर्नामा बसिरहेका अभियन्ताहरूलाई भेटेर महामन्त्री शर्माले

–बाँकी अन्तिम पेजमा

**पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढि, धमिलो तथा बर्षातको पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी संकलन गरि एका भाँडा नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## नारा लगाएकै भरमा मुद्दा नचलाऊ

गौरा पर्वका अवसरमा राजधानीमा आयोजित एउटा कार्यक्रममा प्रधानमन्त्री खड्गप्रसाद ओलीका साथै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पनि सामेल भएका थिए। त्यही कार्यक्रममा ओली र देउवाविरुद्ध नारावाजी गर्ने तीन जनालाई प्रहरी पक्रेर सार्वजनिक शान्ति भङ्ग गरेको अभियोग लगाएको छ। गौरा पर्वजस्तो सांस्कृतिक कार्यक्रममा सहभागी विशिष्ठ व्यक्तिहरूविरुद्ध नारावाजी गर्नु पक्कै पनि शिष्ट र सभ्य व्यवहार होइन। सांस्कृतिक कार्यक्रम बिथोलिने गरी गरिएको नारावाजीलाई समर्थन गर्न सकिँदैन। तर  कसैका विरुद्ध नारा लगाएकै भरमा मुद्दा चलाउन लोकतान्त्रिक सरकारलाई सुहाउँदैन।

प्रहरीले संयम गुमाएको भए नारावाजी सुरु हुनेबित्तिकै बल प्रयोग गर्न सक्थ्यो। विगतमा धेरैपटक यस्तै सामान्य विरोध प्रदर्शनमा हस्तक्षेप हुँदा स्थिति असामान्य हुनपुगेका थुप्रै उदाहरण छन्। सायद, प्रहरीको संयमकै कारण नारावाजी गर्नेहरूले अरू वितण्डा केही मच्चाउन पाएनन्। शासकहरूविरुद्ध जनतामा वितृष्णा छ। थाहा पाएर पनि सरकारले जनतामा बढ्दो वितृष्णालाई सम्बोधन गर्ने गम्भीर प्रयास गरेको छैन। राजनीतिक नेतृत्वका बोली, व्यवहार र आचरण सबै नै जनआक्रोश बढाउने प्रकृतिको रहिआएको छ। यसैले सार्वजनिक कार्यक्रममा नेताहरू देखिनेबित्तिकै जनसाधारण मुर्मुरिन थाल्छन्।

प्रधानमन्त्री ओली वा सभापति देउवाले चाटुकारका कुरा पत्याएर आफूलाई जनप्रिय ठानेका छन् भने त्यो उनीहरूको गम्भीर भुल हो। ओली र देउवामात्र होइन कुनै पनि राजनीतिक नेतृत्वप्रति जनतामा विश्वास देखिँदैन। यो गम्भीर चिन्ताको विषय हो। नारावाजी गर्नेहरूमाथि मुद्दा चलाएर अरूलाई तर्साउने नियतले प्रहरीलाई आदेश दिइएको हुनसक्छ। तर, त्यसरी हुने समाधान क्षणिक हुन्छ। कारबाहीको डरले संसारमा कहीँ पनि विरोध साम्य भएको उदाहरण पाइँदैन। यसैले राजनीतिक नेताहरू विशेषगरी सत्तामा रहेकाहरू गम्भीर आत्मसमीक्षा गर्नु उचित हुनेछ। नारावाजी गर्दा पनि पक्रेर थुन्ने कानुन त होला तर लोकतान्त्रिक सरकारलाई शान्तिपूर्ण विरोधको दमन गर्ने नैतिक अधिकार हुँदैन। यसैले नारावाजी गर्नेहरूमाथि मुद्दा चलाउने दुस्साहस नगर्नु नै बेस हुनेछ। आफ्नाविरुद्ध नारावाजी गर्नेहरूलाई पक्रेर मुद्दा चलाउन सक्दा शासकहरूलाई आत्मतुष्टि त होला तर लोकतन्त्रमा त्यसरी असहिष्णु हुँदा शासनका लागि नै प्रत्युत्पादक हुनसक्छ।

# टेलिकम ! रिङब्याक टोन थोपर्न पाइँदैन

**सुशील प्याकुरेल**

के बहुराष्ट्रिय, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय राष्ट्रको संवैधानिक सीमा नेपाल टेलिकमलाई थाहा छैन? कृष्ण जन्माष्टमीको दिन 'हरे कृष्ण' बाट शुरू भएर इस्कोनको अंग्रेजी लवजमा 'हरे राम, हरे कृष्ण' सम्मको लामो रिङब्याक टोन बजाएर दिक्क बनायो नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)ले। कतिपयले यसलाई राम्रै ठाने, धेरैले बलजफ्ती धार्मिक सन्देश सुन्नै पर्ने बाध्यताका रूपमा लिए। पक्षधरहरूमा पनि दुई विचार प्रकट भए। एकथरीले धार्मिक सन्देशले अझ धार्मिक सहिष्णुता वृद्धि हुने तर्क गरे। अर्को पक्षले नेपाल हिन्दू बहुल राष्ट्र भएकाले सनातन वा हिन्दू धार्मिक सन्देश दिइनुपर्छ भन्ने विचार प्रकट गरे। केही वर्षयता नेपाल टेलिकमले विभिन्न सांस्कृतिक पर्व, जस्तै– दशैंतिहार, छठको उपलक्ष्यमा ती पर्वलाई चिनाउने धुनको रिङब्याक टोन बजाउने गरेको छ। बिस्तारै अन्य धार्मिक चाडमा समेत आवाज सहितको सन्देश दिन थालिएको छ र यो क्रम बढ्दो छ।

विगतमा विभिन्न धार्मिक सम्प्रदाय र समुदायका पर्वमा आवश्यक सन्देश एवं सूचनाहरू मेसेजका रूपमा सशुल्क प्रवाहित हुन्थे। पछिल्लो समय मेसेजको ठाउँमा धुन आयो। अब धुनको ठाउँमा भजन र प्रवचनको अंश समेत रिङब्याक टोनको स्वरूपमा कानमा बज्न थालेको छ। टेलिकमका प्रत्येक ग्राहकलाई त्यो सन्देश सुन्न बाध्य बनाइँदै छ। विगतका वर्षहरूमा इद, क्रिसमस आदि पर्वमा पनि धार्मिक सन्देश सुन्नै पर्ने बाध्यतामा थिए, मोबाइल प्रयोगकर्ता। कतिपय सन्दर्भमा जनहितका सन्देशलाई रिङब्याक टोनका रूपमा उपयोग गरिएको र त्यसले जनतामा चेतना तथा सतर्कताका लागि सहयोग पनि गरेको छ। जस्तै– कोभिड–१९ बाट बच्ने उपाय, डेंगीबाट सतर्कता आदि।

त्यस्ता सन्देश पनि रिङब्याक टोनका रूपमा नभई मेसेज बक्सको माध्यमबाट प्रसारित गर्नु उपयुक्त हुन्छ। सन्देशहरू कानमा बज्नै पर्ने विषय व्यक्तिको स्वतन्त्रतामाथिको हस्तक्षेप पनि हो। बुझ्नुपर्ने कुरा के हो भने, नेपाल बहुराष्ट्रिय, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय राष्ट्र हो। धार्मिक र सांस्कृतिक विषयलाई बहुसंख्यक र अल्पसंख्यकका रूपमा राज्यले व्यवहार गर्नु हुँदैन। त्यसैले नै हामीले निकै लामो छलफलपछि नेपाललाई धर्मनिरपेक्ष राष्ट्रको संवैधानिक प्रत्याभूति गरेका हौं। राज्य सबैको भएकाले यो कुनै धार्मिक सीमाभित्र बाँधिँदैन। यद्यपि राष्ट्रका नागरिकका धार्मिक र सांस्कृतिक प्रभाव भने राज्यका गतिविधिमा परेकै हुन्छन्। त्यसैले हाम्रा कतिपय धार्मिक र सांस्कृतिक चाडपर्वमा सरकार प्रमुखको उपस्थिति सहित ती दिनमा सार्वजनिक बिदा समेत दिने गरिएको छ। बुद्ध जयन्ती, क्रिसमस, इस्लामिक पर्वमा भन्दा हिन्दू पर्वमा धेरै बिदा दिनु भनेको पनि बहुसंख्यकको सांस्कृतिक पर्वलाई बढी महत्त्व दिनु नै हो।

सांस्कृतिक र धार्मिक चाडपर्वमा बिदा दिनु र कुनै धार्मिक सन्देश सुनिराख्न बाध्य पार्नु दुई अलग विषय हुन्। बिदा दिने प्रचलन अमुक धर्म वा पर्वप्रतिको सम्मान हो। पर्व मनाउनै पर्छ भन्ने बाध्यता होइन। तर मोबाइलको रिङब्याक टोन त सुन्नै पर्ने बाध्यता हो। कसैलाई पनि यस्तो बाध्यतामा पार्नु मानव अधिकारको ठाडो उल्लंघन हो। त्यसमा पनि सरकार अन्तर्गतकै निकायबाट बाध्यतामा पार्नु भनेको त संविधानकै खिलाफ हो। नेपाल टेलिकमले कसरी यस्तो कार्य गर्दै छ? यसमा प्रश्न उठ्नु स्वाभाविक हुन्छ। यस विषयमा सरकारको उच्च तहबाट गम्भीरता देखाइएको छैन। संविधानको व्यवस्था र मानव अधिकारको सम्मान गर्न र तिनको कार्यान्वयन सरकारको दायित्व हो।

हालै सरकारले सामाजिक सञ्जाल टिकटकमाथि लगाइएको प्रतिबन्ध हटाएको छ। टिकटकमाथि प्रतिबन्ध लगाउँदा यसले सामाजिक मर्यादा उल्लंघन गरेको आरोप लगाइएको थियो। विभिन्न सामाजिक सञ्जालमा यस्ता गतिविधि भइराखेको पनि हो। तर खुला समाजलाई अंगीकार गरेको बहुदलीय राजनीतिक प्रणालीले सामाजिक सद्भाव, सहिष्णुता र व्यक्तिको सम्मानमा आँच नआओस् भनी नियमनको व्यवस्था गर्न सक्छ, तर प्रतिबन्ध लगाउनु उचित हुँदैन। सामाजिक सञ्जालको उपयोग जनताको अधिकारको विषय हो।

नेपालमा राजनीतिक नेतृत्वलाई कर्मचारितन्त्रले कतिपय विषयमा गलत सल्लाह दिएको पनि सार्वजनिक चर्चा हुने गरेको छ। नेपाल टेलिकमको 'हरे कृष्ण, हरे राम' यसै शृंखलाको कडी हुन सक्छ। नीतिनिर्माताबाट नीति बनाउँदा कसका लागि नीति बन्दै छ भन्नेमा ध्यान नदिने वा आफ्नो सोच नै अरूको पनि हो भन्ने एकांगी सोचको कारण हो– रिङब्याक टोनको जथाभावी प्रयोग। धार्मिक उन्माद भनेकै सामाजिक विखण्डनतर्फको यात्रा हो। यस विषयमा गम्भीर बन्नु आवश्यक छ। नेपाल टेलिकम जस्तो सार्वजनिक संस्था यस विषयमा गम्भीर बन्न नसक्दा समाजमा तनाव ल्याउन सक्छ। आगामी दिनमा सबै दूरसञ्चार सेवाप्रदायकले जनहितमा प्रवाह गर्ने सन्देश र रिङब्याक टोनको विषयमा सरकारको स्पष्ट नीति आवश्यक भएको उजागर भएको छ, यस्ता रिङब्याक टोन अभ्यासबाट।

*(लेखक मानव अधिकार आयोगका संस्थापक सदस्य हुन्।)*

# पूर्वमन्त्री भगवती चौधरीका छोरामाथि आक्रमण, सिक्री लुटेर फरार

**किशोर बुढाथोकी**

विराटनगर, १३ भदौ। पूर्वमन्त्री भगवती चौधरीका छोरामाथि विराटनगरमा आक्रमण भएको घटना बाहिर आएको छ। गुन्डागर्दीमा संलग्न समूहले सुनसरीको दुहबी नगरपालिका–२ घर भएका २८ वर्षीय द्रव्यराज चौधरी र २७ वर्षीय बालकृष्ण चौधरीमाथि विराटनगर महानगरपालिका–१० मा आक्रमण गरेको हो। 'प्लाई' खरिद गरेको हिसाबकिताब मिलाउन विराटनगर आएका बेला उनीहरूमाथि भदौ१ गते दिउँसोको आक्रमण भएको प्रहरीले जनाएको छ। द्रव्यराज पूर्वमन्त्री एवं फरवार्ड लघुवित्त वित्तीय संस्थाकी संस्थापक भगवती चौधरीका छोरा हुन्। नेकपा (एमाले)की सांसद भगवती यसअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थिइन्। आक्रमणमा संलग्न द्रव्यराजको सिक्री लुटेर फरार भएका छन्।

द्रव्यराज र बालकृष्ण साथी हुन्। प्रहरीको प्रारम्भिक अनुसन्धानबाट उनीहरूलाई विराटनगर–११ का ४७ वर्षीय कान्ता कामत, उनका छोरा २८ वर्षीय पंकज कामत, ३२ वर्षीय रोनाल कँडेल, २७ वर्षीय कालु भनिने रिकेश श्रेष्ठ र २१ वर्षीय प्रशान्त पौडेलले आक्रमण गरेको खुलेको छ। आक्रमणमा संलग्न रोनाललगायतका युवा आपराधिक पृष्ठभूमिका व्यक्तिहरू हुन्। गुण्डागर्दीको राज चलाउन खोज्ने रोनालको समूहले पछिल्लो समय विराटनगरमा आतंक मच्चाइरहेको छ। सत्तारूढ नेपाली कांग्रेसका नेताको संरक्षणमा सर्वसाधारणलाई धम्क्याउने, थर्काउने र आक्रमण गर्ने गरिरहेको हो।

राजनीतिक छत्रछायामा आपराधिक धन्दा चलाइरहेको यो समूहमाथि दबाबकै कारण प्रभावकारी ढंगबाट कारबाही भइरहेको छैन। पूर्वमन्त्रीका छोरा र उनका साथीमाथि भएको आक्रमणमा पनि कारबाही नगर्न कांग्रेसका नेताले दबाब दिइरहेको स्रोतले बतायो। विशुद्ध आपराधिक यो घटनालाई सत्तारूढ कांग्रेस र एमालेले राजनीतिकरण गर्न खोजिरहेको पाइएको छ। एमालेले घटनामा संलग्नलाई कारबाही हुनुपर्ने माग गरिरहँदा कांग्रेसले कारबाही नगर्न प्रहरीलाई दबाब दिइरहेको हो। एउटा आपराधिक घटनालाई राजनीतिक रंग भरेर तथ्य मोड्दै आक्रमणमा संलग्न गुन्डा समूहलाई उन्मुक्ति दिने खेल भइरहेको छ। सत्तारूढ दलको दोहोरो दबाबका कारण प्रहरी भने अन्योलमा परेको छ।

राजनीतिक संरक्षणकै कारण गुण्डागर्दीमा संलग्नको मनोबल बढेको छ। गुन्डा समूहले विभिन्न आपराधिक घटना गराइरहँदा पनि राजनीतिक दबाबमा सामसुम पार्ने गरिएको छ। जसका कारण दिनदहाडै व्यक्तिमाथि आक्रमण गर्ने र कानुन हातमा लिने समूह सक्रिय हुन थालेको छ। रोनालको समूहले फड्का र सट्टेबाजीको धन्दा पनि चलाइरहेको सूचना प्रहरीलाई छ।

**एक जना पक्राउ, अरू फरार**

द्रव्यराजले घटनामा संलग्नविरुद्ध जिल्ला प्रहरी कार्यालय मोरङमा किटानी जाहेरी दिएका थिए। आक्रमणमा संलग्नविरुद्ध ज्यान मार्ने उद्योगको मुद्दामा जाहेरी परेपछि प्रहरीले घटनाको अनुसन्धान अघि बढाएको छ। काले भनिने रिकेश श्रेष्ठ पक्राउ परेका छन्। मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले श्रेष्ठ पक्राउ परेको र अरु फरार रहेको बताए। 'घटनामा संलग्नविरुद्ध ज्यान मार्ने उद्योगमा जाहेरी आएको छ। १ जना पक्राउ परेका छन्। फरार रहेकाले अरूको खोजी भइरहेको छ,' डीएसपी बस्नेतले भने। आक्रमणबाट द्रव्यराजको आँखा, अनुहार तथा बालकृष्णको टाउको, मुखलगायत शरीरका विभिन्न भागमा चोट लागेको छ। उनका अनुसार एउटा समूहले चारैतिरबाट घेरा हालेर हेल्मेट, इँटालगायतले आक्रमण गरेको हो। द्रव्यराजले आफ्नो २ तोला सुनको सिक्री लुटिएको दाबी गरेका छन्। 'आक्रमण मात्रै गरेनन्,' उनले भने, 'मेरो सिक्री पनि लुटेर फरार भए।'

**किन भयो घटना ?**

घटनामा संलग्नमध्ये कान्ता कामतको विराटनगर–१० मा मनोकामना प्लाई हाउस नामक 'फ्याक्ट्री' छ। द्रव्यराजले कोठा मर्मत गर्न र टेबल बनाउन साउन अन्तिम साता 'फ्याक्ट्री'बाट 'प्लाई' खरिद गरेर लगे। 'प्लाई'को ३६ हजार रुपैयाँ तिरेको उनी बताउँछन्। तर, 'फ्याक्ट्री'का सञ्चालकले भनेजस्तो 'प्लाई' पठाएनन्। '१२ एमएमको भनेकोमा १६ एमएमको पठाएछन्। 'वाटरप्रुफ' भनेकोमा 'नर्मल' पठाएछन्,' उनले भने, 'सामान गलत आएको कुरा मिस्त्रीले बताएपछि 'फ्याक्ट्री' सञ्चालकसँग कुरा गरें। २ दिनपछि सामान फिर्ता गरेर पैसा लैजानु भनेर भनेका थिए।' सञ्चालकसँग कुरा भइसकेपछि उक्त 'प्लाई' आफैंले गाडीमा लोड गरेर दुहबीबाट विराटनगर पठादिएको द्रव्यराज बताउँछन्।

उनका अनुसार सामान फिर्ता लिएका 'फ्याक्ट्री' सञ्चालकले पैसा भने ३० हजार मात्रै पठाए। 'फिर्ता पठाउनुपर्ने ३६ हजार थियो। तर, ३० हजार मात्रै पठाए,' उनी भन्छन्, 'त्यसपछि कुरा गर्दा 'फ्याक्ट्री' सञ्चालकले फोनमै तथानाम गाली गर्न थाले। पैसा फिर्ता दिने कुरै गरेनन्।' त्यसपछि मिस्त्रीलाई नै लिएर भदौ १ गते आफू 'फ्याक्ट्री'मा पुगेको उनले बताए। 'पैसाको कुरा हुँदै थियो। 'फ्याक्ट्री' सञ्चालकले फिर्ता दिने कुरा पनि गरेका थिए। सबै कुराहरू मिलिसकेपछि दुहबी फर्किनलाई हामी गाडीमा चढ्यौं,' द्रव्यराजले भने, 'त्यहाँबाट निस्किने बेलामा चारैतिरबाट घेरा हालेर आक्रमण गरियो। हामीले भागेर ज्यान बचायौं। त्यसपछि प्रहरीको शरणमा पुग्यौं।' सुरुमा 'फ्याक्ट्री' सञ्चालक कान्ताका छोरा पंकजले हात हाल्नसाथ प्रशान्त लगायतले कुटपिट सुरु गरेको उनको भनाइ छ। 'एम्बुस थापेजस्तो घेरा हालेर बसेका रहेछन्। हामी निस्किन लागेपछि एक्कासि आक्रमण गर्न थालिहाले,' उनी भन्छन्, 'योजनाबद्ध हिसाबले आक्रमण गरिएको छ 'फ्याक्ट्री' मालिकले गुन्डा बोलाएर हमला गर्न लगाए।' पूर्वमन्त्री चौधरीको दुहबीमा फरवार्ड लघुवित्त छ। उनका छोरा द्रव्यराज फरवार्ड इन्टरप्राइजेज प्रालि नामक सुपर मार्केटका प्रबन्ध निर्देशक छन्।




## स्वास्थ्य मन्त्रालय...

हाजिर हुनै चुनौतिको सामना गर्नुपरेका डा. ठाकुर भन्छन्, 'अदालतकै माध्यमले भएपनि काम गर्ने ठाउँमा बस्न त पाइयो। तर, कोलेनिकाले हातखुट्टा बाँधिदियो।' ऐन, कानुनमै नरहेको विषयलाई आधार बनाएर कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) ले आफ्नो नाउँमा खाता सञ्चालन गर्न नदिएर काममा अवरोध गरेको आरोप डा. ठाकुरको छ।

**यादवको आफ्नै तर्क**

डा. ठाकुरले मन्त्रालयमा प्रदेश सचिवको रुपमा अदालतको आडमा हाजिर भएपछि विस्थापित हुन पुगेका डा. प्रमोद यादवले आफुसँग अन्याय भएको गुनासो गरेका छन्।

'संजय डाक्टरसाब ११ औं तहका कर्मचारी हुनुहुन्छ। म पनि ११ औं तहको हो। उहाँ संघीय सरकारका कर्मचारी हो। म पनि संघबाटै ११ औं तहमा बढुवा भएर आएको हुँ। फरक यति हो कि उहाँ अहिले पनि संघ मातहतका कर्मचारी हुनुहुन्छ म प्रदेशमा समायोजन भएको छु' डा. यादवले न्यूजआजसँग प्रतिप्रश्न गरे, 'हामी दुई जनामा यति कुरा समान भएपछि उहाँ कसरी वरिष्ठ र म कसरी कनिष्ठ भएँ ? प्रदेशमा समायोजन भएपछि तह घट्वा हुन्छ र ?'

बागमती प्रदेशमा केही दिन अघि अहिलेको जस्तै प्रदेश र संघका कर्मचारी बीच विवाद देखिएको थियो। उक्त मुद्दामा अदालतले प्रदेशको पक्षमा आदेश गरेको नजिर पेश गर्दै डा. यादवले भने, 'मधेश प्रदेशको हकमा अदालत एकतर्फीजस्तो भयो कि भन्ने आशंका लागिरहेको छ।' डा. यादवले आफु प्रदेश सरकार मातहतको कर्मचारी रहेको र प्रदेश निजामती सेवा ऐनले आफुलाई मन्त्रालयमा प्रदेश सचिवको हैसियतले काम गर्न निर्देश गरिरहेको जिकिर गरे। ऐनको उक्त प्रावधानलाई सही अर्थमा व्याख्या हुन आफु पनि अदालत जानुपर्ने अवस्था आएको डा. यादवले बताए।

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।०५/१२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम आ.व. २०८१/०८२ का लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा निर्धारण भए बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गोलबजार नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले आवश्यक कागजात सहित तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बस नगरपालिकामा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन.मी.) | न्यूनतम बोलपत्र रकम | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|
| १. | ०१/२०८१/०८२ (राजस्व) | नदीजन्य पदार्थ उत्खनन् गागन खोला | ८०,८६५ | १,२१,२९,७५०/- | ३,०००/- |

**शर्तहरुः**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले माथि उल्लेखित भए अनुसारको बोलपत्र दस्तुर ग्लोबल आईएमई बैंक शाखा कार्यालय गोलबजारमा यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ५५०४०१००००००१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ।
२. प्रस्ताव पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरुले मिति २०८१-०६-१० गते अपराह्न ५:०० बजे सम्ममा बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति (२०८१-०६-११ गते) का दिन दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र दर्ता गरिसक्नु पर्नेछ। रितपूर्वक दर्ता भएका सिलबन्दी बोलपत्र सोही दिन अपरान्ह १४:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो समयमा बोलपत्र वा निजहरुको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. माथि उल्लेखित भए अनुसार पेश भई अधिकतम् अंक कबोल भएको बोलपत्र स्वीकृत भएपश्चात् सम्झौता गर्नु अगावै सम्बन्धित बोलपत्रदाताले कबोल गरेको अंकमा नियमानुसार लाग्ने मू.अ. कर सहितको रकम नेपाल सरकारलाई बुझाएको सक्कल भौचर यस कार्यालयमा जम्मा गर्नु पर्नेछ।
५. बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोहि व्यक्ति, फर्म वा कम्पनी मार्फत पेश गर्नुपर्नेछ।
६. बोलपत्र फाराममा उल्लेखित कबोल अंकको ५% धरौटी रकम यस कार्यालयको ग्लोबल आईएमई बैंक गोलबजार स्थित खाता नं. ५५०४०१००००० १६ को धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।
७. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट गरेको वा टिपेक्स लगाएमा बोलपत्रदाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ।
८. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ। मानसिव कारण बाहेक सो अवधिभित्र सम्झौता गरी ठेक्का सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।
९. ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ। बराबर अंक कबोल भई किस्ताबन्दी र एकमुष्ठ रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्नुपरेको अवस्थामा एकमुष्ट रकम बुझाउनेलाई प्राथमिकता दिने गरी गोलबजार नगरपालिकाले निर्णय गर्नेछ। छुट रकम लिने प्रयोजनका लागि नगरपालिकाले सम्झौता गर्नुअघि कबोल गरेको एकमुष्ट रकम र सो मा लाग्ने मु.अ.कर बुझाएको हुनुपर्नेछ।
१०. किस्ताबन्दी रुपमा रकम बुझाउनेको हकमा ठेकेदारले आफूले कबोल गरेको कुल रकम मु. अ. कर सहित पहिलो किस्ता (कबोल अंकको ४०%) रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्नेछ, दोस्रो किस्ताको (कबोल अंकको ३०%) रकम पुसको मसान्तसम्मा र तेस्रो किस्ता (कबोल अंकको ३०%) रकम चैत्रको मसान्तसम्म बझाउनु पर्नेछ। तोकिएको समयमा किस्ता नबुझाए म्याद नाघेको पहिलो सात दिन ५%, पहिलो महिना ७% र त्यस पश्चात् मासिक १०% जरिवाना लाग्नेछ। पहिलो किस्ता बाहेक रकमको लागि नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा कम्तीमा २०८२ असारमसान्तसम्मको म्याद सहित जारी गरिएको (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ।
११. ठेक्का सञ्चालनको शिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वंयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ।
१२. गोलबजार नगरपालिकालाई रकम बुझाउनुपर्ने बाँकी बक्यौता भएका फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म यस बोलपत्र प्रक्रियामा सहभागी गराइने छैन र निजले बोलपत्र पेश गरेमा स्वीकृत गरिनेछैन।
१३. ठेक्का सञ्चालन अवधि सम्झौता भएको मितिदेखि २०८२ जेठ मसान्त सम्मको हुनेछ। निर्धारित परिमाण बराबरको नदीजन्य पदार्थ उत्खनन् भईसकेमा अवधि भन्दा अगावै उत्खनन् र संकलन कार्य बन्द गरिनेछ।
१४. खोलाबाट निकालिएको नदीजन्य सामग्री बिक्री मूल्य करको ठेक्का सञ्चालन गर्दा कुनै बाधा अवरोध आइपरेमा ठेकेदार स्वंयम आफैले मिलाई कर संकलन गर्नुपर्नेछ। यसमा नगरपालिकाले आवश्यक सहजीकरण मात्र गर्नेछ।
१५. कुनै कारणबस कर सङ्कलन गर्न बाधा परेको कारण देखाइ ठेकादारले कुनैपनि छुट वा मिनाहा दावी गर्न पाउने छैन र त्यस्तो मिनाहा छुट दिन कार्यालय बाध्य हुने छैन।
१६. नदीजन्य सामग्रीहरु निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणणीय परीक्षण प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सीमित रही निकाल्नु पर्नेछ। वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन। साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ। साथै यस कार्यालयबाट समय-समयमा दिएका निर्देशनहरु पालना गर्नु पर्नेछ।
१७. नदीजन्य सामग्री उत्खनन् गर्ने समय बिहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ।
१८. ठेकेदारले नदीजन्य सामग्री स्टक राख्नुपर्ने भएमा गोलबजार नगरपालिकाबाट इजाजत लिइ खोलाको किनारबाट कम्तिमा ६०० मिटरको दूरीमा राख्न सकिनेछ।
१९. ठेक्का स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार गोलबजार नगरपालिकालाई रहनेछ।
२०. सर्त राखि पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका बोलपत्रमाथि कारबाही हुनेछैन।
२१. अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारबाही गरिनेछ।
२२. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिणामका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून तथा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट जारी गरिएको वातावणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग हुनेछ।
२३. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको पाईएमा वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन गरेको पाईएमा सोको परिमाण एकिन गरी बढी परिमाणमा ठेकेदारबाट १०% हर्जाना सहित राजश्व असुली गरिने छ।
२४. विपद् व्यवस्थापन तथा अति आवश्यक कार्यको लागि नगरपालिकाले आफ्नो स्रोत र साधन प्रयोग गरी नदीजन्य पदार्थ निःशुल्क रुपमा उत्खनन् तथा संकलन गरी कार्य गर्न सक्नेछ। उक्त कार्यको लागि कुनै किसिमको वाधा पर्नेछैन।
२५. ठेक्का सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**उत्खनन् सम्बन्धी शर्तहरुः**

१. ठेक्का स्वीकृत भएपछि नगरपालिकाका प्रतिनिधि समेतको रोहवरमा प्राविधिकबाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ। सोही सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् एवं संकलन गर्नुपर्नेछ।
२. सामान्यता नदीजन्य पदार्थको उत्खनन् स्थानीय जनशक्तिबाट हात र हाते औजार जस्तै सावेल, कोदालो, गैती आदी लगायत प्रयोग गरि गर्नुपर्नेछ। मेशिनको प्रयोग गर्नुपर्ने भएमा "ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" को दफा ४(४) बमोजिम अनुमति दिइनेछ।

# गुलियो पेय पदार्थको बढी सेवनले बढ्छ स्वास्थ्य समस्या



आधुनिक जीवन शैली सँगै चिनी युक्त गुलियो पेय पदार्थको उपयोग सामान्य भएको छ। एउटा अध्ययन अनुसार गुलियो पेय पदार्थको नियमित सेवन स्वास्थ्यको लागि हानिकारक छ। यसले गर्दा हाम्रो दाँत, मिर्गौला, मुटु मा सङ्क्रमणको उच्च जोखिम हुन्छ। अमेरिकाको हावर्ड विश्वविद्यालयको अनुसन्धान कर्ताहरूको निष्कर्ष हालै बिएमजे जर्नलमा प्रकाशित भएको छ। अनुसन्धानकर्ताहरूको अनुसार चिनी मीठो पेय पदार्थ (स्विटेन्ड वेभरेजेज) मा अतिरिक्त चिनी र गुलियो पना हुन्छ। जसमा हाई फ्रक्टोज कोर्न सिरप, सुक्रोज, वा फल जूसको सान्द्रता हुन्छ। यसमा गैर आहार सोडा, प्रशोधित जूस, मीठो चिया, आदि समावेश छन्।

- यी पेय पदार्थहरूले मोटो पना, मधुमेह आदि जस्ता धेरै स्वास्थ्य जटिलताहरू उत्पन्न हुन्छ। यसले मुटु, मृगौला र दाँतमा प्रतिकूल असर पर्छ।
- अनुसन्धान अनुसार यसले चिनी गुलियो पेय पदार्थको नियमित सेवन ले मुटु रोग बाट हुने मृत्यु दर को जोखिम बढेको छ, विशेष गरी मधुमेह भएका हरूमा।
- अनुसन्धान अनुसार दैनिक अत्यधिक चिनी-मिठो पेय पदार्थको सेवनले समग्र मृत्यु दर आठ प्रतिशतले बढेको छ। चिनी-मीठो पेय पदार्थको लामो समय सम्म सेवनले मुटु सम्बन्धी समस्या लाई जन्म दिन्छ।
- मधुमेह र उच्च रक्तचापका बिरामीहरूलाई यी पेय पदार्थहरूको नियमित सेवनबाट बढी जोखिम हुन्छ। चिनी रहित पूरकहरू (सुगर फ्रि सप्लिमेन्ट) समेत आन्द्रा को स्वास्थ्य को लागि त्यतिकै हानिकारक छ।

# पूर्वी तराईमा जुटखेतीतर्फ किसानको आकर्षण घट्यो



मोरङ, १३ भदौ। जुटले उचित मूल्य नपाउँदा पूर्वी तराई क्षेत्रमा वर्षौंदेखि नगदेबालीका रूपमा लगाउने गरिएको जुटखेतीतर्फ किसानको आकर्षण घटेको छ। मोरङको धनपालथान गाउँपालिका-१ नोचाका किसान काशीनाथ चौधरीले लगानी अनुसारको बजार मूल्य नपाउँदा पुर्स्तौंदेखि गर्दै आएको जुटखेती छाड्दै गएको बताए। केही वर्ष अघिसम्म तीनदेखि पाँच बिघासम्ममा जुटखेती गर्दै आएकामा यस वर्ष एक बिघा १० कट्ठामा मात्र खेती गरिएको उनले बताए। तराईका अन्य खेतीभन्दा जुटखेती धेरै झन्झटिलो भएका कारण पनि आकर्षण घट्दै गएको बताइएको छ। काम गर्ने जनशक्ति पनि अभाव रहेको छ।

जहदा गाउँपालिका-७ का किसान राजनिश सिंहले जुटखेतीलाई आधुनिकीकरणतर्फ जोड्न नसक्दा र उचित मूल्य नपाउँदा पछिल्लो समय जुटखेतीको आकर्षण घट्दो रहेको बताए। किसानले जुटखेतीतर्फको आकर्षण घट्दो बताए पनि तथ्याङ्कमा भने वार्षिक रूपमा उत्पादन बढेको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा मोरङमा सात हजार तीन सय ५१ दशमलव ५० मेट्रिक टन, आव २०७९/८० मा सात हजार चार सय नौ दशमलव ५० मेट्रिक टन र आव २०८०/८१ मा सात हजार सात सय ३१ मेट्रिक टन जुट उत्पादन भएको हुँदा विगत वर्षमा भन्दा यस वर्ष उत्पादन बढेको कृषि ज्ञान केन्द्र विराटनगरका प्रमुख रामदेव सिंहले बताए। नेपालमा उत्पादित जुट सबै स्वदेशमै खपत हुन्छ। नेपालमा भारत र बङ्गलादेशबाट पनि जुट आयात हुने गरेको छ।

बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।

# प्रदेश सञ्चार ऐनमा गर्नुपर्ने संशोधनको विषयमा सरकार गम्भीर छ : मन्त्री लेखी



**धर्बेन्द्र झा**

जनकपुरधाम, १३ भदौ। मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले प्रदेश सञ्चार ऐनमा गर्नुपर्ने संशोधनको विषयमा प्रदेश सरकार गम्भीर रहेको बताएको छ। मधेश प्रदेशको राजधानीमा नेपाल पत्रकार महासंघले बिहीबार सञ्चार कानुनको निमार्ण र कार्यान्वयनको अवस्था विषयमा गरेको प्रदेश स्तरीय संवाद कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएको हो। उनले सञ्चार क्षेत्र र सञ्चारकर्मीको समस्या समाधानका लागि प्रदेशको सञ्चार ऐनमा के के विषयमा संशोधन गर्नुपर्ने लिखित रूपमा ती विषयको बारेमा मन्त्रालयलाई जानकारी गराउनका लागि आग्रह गरे। उनले सञ्चार ऐनमा संशोधन गर्नुपर्ने विषयको पहिचान भएमा बृहत् छलफलपछि संशोधन गर्न सकिने बताए।

उनले प्रदेश सरकार मिडिया मैत्री भएको भन्दै प्रेस स्वतन्त्रतालाई अंकुश लगाउने खालको कुनै पनि गतिविधि प्रदेश सरकारले नगर्ने विषयमा विश्वस्त रहन उनले सबैमा अपिल गरे। उनले पत्रकारले आफै निर्माण गरेको आचार संहिताको पालना गर्नुपर्नेमा उनको जोड थियो। उनले सत्य तथ्य जनता समक्ष ल्याउने विषय पत्रकारको धर्म भएको भन्दै पत्रकारिता जगतले पनि यसको पालना गर्नुपर्ने बताए। कार्यक्रममा बोल्ने वक्ताले प्रदेशमा सञ्चार कानुनको निमार्ण भए पनि त्यसको कार्यान्वयनमा विभिन्न प्रकारका जटिलता देखिएकोले संशोधनको माग गरेको थियो। वक्ताले सञ्चार कानुनकै मातहत गठन भएका निकाय अधिकार सम्पन्न नहुनु र ती निकायमा पर्याप्त बजेट नभएका कारण अपेक्षा अनुसारको काम नभएको बताएका थिए।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष मनिका झाको अध्यक्षतामा भएको कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरीया, जनकपुरधाम उपमहा नगरपालिकाका नगर उपप्रमुख किशोरी साह, नेपाल पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष कलेन्द्र सेजुवाल, राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय जनकपुरधामका प्रमुख बुधनारायण सहनीसहित पत्रकारको विभिन्न संघ संगठनका प्रमुख एवम् प्रतिनिधिले सञ्चार ऐनमा भएका विभेदकारी व्यवस्थाको पहिचान गरी संशोधन गर्नुपर्नेमा जोड दिएका थिए।

# सप्तरीमा बँदेल मारेको आरोपमा पूर्वडीआईजीमाथि छानबिन

सप्तरीं, १३ भदौ। सप्तरीमा जंगली बँदेल मारेको आरोपमा पूर्वडीआईजी, सईसहितका व्यक्तिमाथि छानबिन अघि बढाइएको छ। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ भारदह योगिनायाँ कोशी पलार क्षेत्रमा जंगली बँदेल मारेको आरोपमा प्रहरीले छानबिन सुरु गरेको हो। प्रहरी स्रोतका अनुसार पूर्वडीआईजी ज्ञानविक्रम शाहसहि१० जनामाथि प्रहरीले छानबिन अघि बढाएको छ। सुनसरीको इटहरी उपमहानगरपालिका-२ घर भएका ६१ वर्षीय पूर्वडीआइजी शाहसहित बहालवाला सई विराटनगर महानगरपालिका-३ का ४४ वर्षीय सञ्जय न्यौपाने, सप्तरीको तिरहुत गाउँपालिका-१ का ५१ वर्षीय लक्ष्मण मण्डल, हुनमाननगर कंकालिनी नगरपालिका-१ का ५० वर्षीय लक्ष्मण मण्डल, हुनमाननगर कंकालिनी-२ का ५१ वर्षीय जनार्दन राउत, हुनमाननगर कंकालिनी-३ का ५१ वर्षीय शंकरप्रसाद यादव छन्।

त्यस्तै, हुनमाननगर कंकालिनी-५ का २३ वर्षीय ओमशंकर प्रसैला, हुनमाननगर कंकालिनी-८ का ३७ वर्षीय आकाश यादव, राजविराज नगरपालिका-७ का २५ वर्षीय रविन दास र सुनसरीको इटहरी पमहानगरपालिका-२० का ३३ वर्षीय प्रदीप लिम्बु पनि छानबिनका लागि प्रहरी नियन्त्रणमा छन्।उनीहरुलाई विहीबार बिहान ३ बजेतिर सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ भारदह योगिनायाँ कोशी पलार क्षेत्रबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

उनीहरूको साथबाट एक राइफल, दुई म्याग्जिन, १५ राउण्ड गोली, तीन बाइनाकुलर, एक ट्राइपोर्ट, फलामको हथौडा, खुर्पा, एक स्कोरपिओ गाडी, एक ट्याक्टर, र गोलीले मारिएको एउटा बँदेल बरामद गरिएको सप्तरीका प्रहरी प्रवक्ता डिएसपी ढंडीराज न्यौपानले जानकारी दिए। उनीहरुले भने खेतबारीमा बाली खान आएका बेला बँदेल मारेको बताएका छन्। नेपाल सरकारले ७ मंसिर २०८० मा हानिकार वन्यजन्तु भनेर बँदेललाई घोषणा गरेको थियो। जसअनुसार बाली खान आएको बेला खेतबारीमै मार्न सकिने तर मारेको बँदेल जनप्रतिनिधिको रोहबरमा गाड्न वा मूल्य तोकी मासु बिक्रि वितरण गर्न समेत सकिने व्यवस्था छ।

# १०६ शाखा अधिकृतलाई गाउँपालिका पठाउने तयारी

काठमाडौं, १३ भदौ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आफूलाई पायक पर्ने कार्यालय तथा निकायमा सरुवाको माग गर्दै एक हजारभन्दा बढी कर्मचारीहरूले निवेदन दिएका छन्। भदौ महिनामा मन्त्रालयले आफू मातहतका विभिन्न कार्यालयमा रहेका कर्मचारीहरूको सरुवा गर्ने प्रक्रिया अनुसार सरुवा चाहने कर्मचारीहरूबाट निवेदन माग गरेको थियो। इमेलबाट प्राप्त निवेदनहरू अध्ययन गर्ने काम भइरहेको मन्त्रालयको संघीय मामिला शाखा प्रमुख उपसचिव कमल भट्टराईले जानकारी दिए। उनले भने, 'सरुवा हुन चाहने कर्मचारीहरूलाई निवेदन दिनका लागि हामीले सूचना आह्वान गरेका थियौँ। हामीले दिएको इमेल ठेगानाहरूमा निवेदनहरू आएको छ। निवेदनको हामीले एउटा ढाँचा पनि तोकेका छौँ। त्यो ढाँचामा प्राथमिकता क्रम १, २ र ३ छ। उहाँहरूले इच्छा गरेको प्राथमिकता क्रम अनुसार मन्त्रालय, निकाय, कार्यालय उल्लेख गर्नुभएको छ। उहाँहरूले चाहेको कार्यालयमा खाली रहे नरहेको बुझ्छौँ र भएसम्म उहाँहरूले चाहेको पहिलो प्राथमिकताका कार्यालयमा पठाउँछौँ र नभएमा दोस्रो वा तेस्रो प्राथमिकता भएका कार्यालयमा पठाउँछौँ।' प्राप्त भएका निवेदनहरूको अध्ययन गर्ने काम भइरहेको उनले बताए। स्थानीय र प्रदेश तहमा समायोजन भएका बाहेक संघ अन्तर्गतका कर्मचारीको संघीय मामिला मन्त्रालयले सरुवा गर्ने गर्छ। निजामती सेवा ऐन अनुसार भदौ महिनाभरमा निवेदन प्राप्त भएका कर्मचारीहरूको सरुवा हुने भट्टराईले जानकारी दिए ।

**१०६ शाखा अधिकृतलाई गाउँपालिका पठाउने तयारी**

लोकसेवा आयोगबाट यो वर्ष उत्तीर्ण भएर तालिम हासिल गरेका नयाँ अधिकृतहरूलाई प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेका गाउँपालिकाहरूमा खटाउने तयारी गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १०६ जना नयाँ शाखा अधिकृतलाई बिहीबारदेखि दरबन्दी रिक्त रहेका स्थानीय तहका कार्यालयहरूमा खटाउने तयारी गरेको मन्त्रालयका उपसचिव भट्टराईले जानकारी दिए। उनले भने 'नयाँ अधिकृतहरूको बिहीबारबाट तालिम सकिएको छ। शुक्रबारदेखि स्टाफ कलेजले मन्त्रालयमा काज फिर्ता गरिदिन्छ। सबै अधिकृतहरूलाई रिक्त ठाउँ देखाएर रोजाएर पठाउने तयारी छ। धेरै स्थानीय तहमा अहिले प्रमुख प्रशासकीय अधिकृत खाली रहेको छ। प्रमुख प्रशासकीय अधिकृत नभएर कार्यसम्पादनमा समस्या भएका स्थानीय तहलाई पहिलो प्राथमिकता दिने भन्ने कुरा छ। हामी तुरुन्तै ती कार्यालयहरूमा पदस्थापन गरेर कार्यक्षेत्रमा पठाउँछौँ।' य स त ै निजामती सेवामा अनुभवी र पाको अधिकृतलाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाउने मन्त्रालयको तयारी रहेको छ। देशका कूल ७५३ स्थानीय तहमध्ये २५६ स्थानीय तहमा दरबन्दी खाली रहेको छ। दरबन्दी खाली भएका स्थानीय तहमा मन्त्रालयले समयमा कर्मचारी पठाउन नसक्दा कार्यसम्पादनमा समस्या भइरहेको छ।

# कोशीमा क्यान्सरको सेवा विस्तार गर्ने सम्झौता

**किशोर बुढाथोकी**



विराटनगर, १३ भदौ। विराटनगरको कोशी अस्पतालमा क्यान्सर रोगको थप सेवा विस्तार गर्ने सम्झौता भएको छ। सेवा विस्तारका लागि भक्तपुरको क्यान्सर अस्पतालसँग बिहीबार सम्झौता भएको छ। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर रोशन पोखरेलको उपस्थितिमा भक्तपुर क्यान्सर अस्पतालका निर्देशक उज्जवल चालिसे र कोशी अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर रविनराज सिंहले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। भक्तपुर क्यान्सर अस्पतालले नियम अनुसार सेवा उपलब्ध गराउने जनशक्तिलाई यातायात, खाजालगायत खर्चको लागि आवश्यक बजेटको व्यवस्था गर्ने सम्झौताको पहिलो बुँदामा उल्लेख छ। त्यस्तै, भक्तपुर क्यान्सर अस्पतालले सेवा सञ्चालन गर्दा आवश्यक जनशक्तिको व्यवस्था आफ्नो संस्थाको नियमित सेवा प्रभावित नहुने गरी मिलाउने भएको छ।

महिनाको कम्तीमा एकपटक सेवा सञ्चालन गर्नुपर्ने र विस्तारित सेवामा बहिरंग अन्तरंग एवं उपचारसमेत समेटेर सेवा गर्नुपर्ने उल्लेख छ। कोशी अस्पतालले क्यान्सर रोगको विस्तारित सेवा सञ्चालन गर्न आवश्यक वातावरण निर्माण गर्ने, सेवाग्राहीलाई विस्तारित सेवा बारे सूचना, कार्यतालिका र सेवा विवरण बारे जानकारी गराउने सम्भौता पत्रमा उल्लेख छ। सम्झौता पत्र हस्ताक्षर कार्यक्रममा बोल्दै कोशी अस्पतालका क्यान्सर रोग विशेषज्ञ डाक्टर रगिन कठेतले २०७२ साल कात्तिकदेखि सुरु गरिएको क्यान्सर रोगको सेवा विस्तार गरेर अहिले दैनिक ओपीडी सेवा, इन्डोर सेवा, डे-केयर केमोथेरापीसहितको ५ बेड सञ्चालनमा रहेको बताए। अस्पतालमा ब्रेस्टको सर्जरी, पेट तथा आन्द्राको सर्जरी, मृगौला तथा प्रोस्टेटको सर्जरी, छालाको क्यान्सर सर्जरी सञ्चालनमा छन्।

उनले १० वर्षदेखि क्यान्सर रोगको सेवा सुरु गरे पनि अहिले विशेषज्ञ क्यान्सर सेवाको अभाव रहेको बताए। क्यान्सरका बिरामीले अबदेखि भरतपुर र काठमाडौं जानुपर्ने बाध्यता हट्ने भएपनि सरकारले क्यान्सर रोग पीडितलाई दिने भनेको रकम नदिएको डा. कठेतको भनाइ छ। प्रदेश सरकारले क्यान्सरका १ जना बिरामीलाई १ लाख रुपैयाँका दरले रकम दिँदै आएको थियो। '२०८० साल फागुनसम्ममा ४ हजार बिरामीले ४० करोड रुपैयाँ पाउन सकेका छैनन्,' डा. कठेतले भने, 'फागुन पछाडि त सरकारले फारम नै लिन बन्द गरेकाले समस्या समाधान गर्न स्वास्थ्य मन्त्रालयको ध्यान आकर्षण गराउँछु।' स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले डेढ महिनाको अवधिमा बिमालाई प्रभावकारी बनाएर एकद्वार प्रणालीबाट काम गर्ने गरी सरकार अघि बढिरहेको स्पष्ट पारेका छन्।

## *कांग्रेस महामन्त्री...*

उनीहरूका मागबारे जानकारी लिएका हुन्। बाँकेकी निर्मला कुर्मीको हत्या भएको विषयमा छानबिन गर्न माग बाँकेबाट काठमाडौं आएर महिला अधिकारकर्मीहरू धर्नामा बसेका छन्। सो क्रममा अधिकारकर्मी रुबी खानले आफ्ना मागबारे महामन्त्री शर्मालाई जानकारी गराएकी थिइन्।

महामन्त्री शर्मासँगै सहमहामन्त्री जीवन परियार र सांसद सिता मिजार पनि थिइन्। दलित अभियन्ता खगेन्द्र सुनारलाई भेट्न पुगेका शर्माले खानलाई पनि संक्षिप्त भेट गरेका हुन्। महामन्त्री शर्माले यो प्रकरणमा खास केही बोल्न चाहेनन्। खानलाई शर्माको आश्वासन थियो, 'हामी छलफल गर्दैछौं।' निर्मला कुर्मीको अपहरण तथा बेपत्ताको आरोप लागेका कांग्रेस नेता बादशाह कुर्मीलाई लुम्बिनी प्रदेशको मन्त्री नियुक्त गरेपछि महिलाहरु आन्दोलनमा उत्रिएका हुन्। बाँके प्रहरी र सीआईबीले सो प्रकरणमा छानविन गरिरहेका बेला आरोपितलाई मन्त्री बनाइएपछि उनलाई हटाउन माग गर्दै रुबी खान र महिलाहरू बाँकेबाट काठमाडौं आएर धर्ना बसेका हुन्।

## *घरमै लागुऔषध...*

प्रहरीले नियन्त्रणमा लिएलगत्तै उनले दिएको बयानको आधारमा काकाको घरको कोठाभित्र प्लास्टिकको बोरामा लुकाएर राखेको लागुऔषध बरामद भएको उनले बताए। उनका अनुसार प्लास्टिकको बोरामा ६५ बोतल कोडिवेल र खाली बोतल ७० थान, नाइट्राभेट दुई पत्तामा तीसवटा र स्याम्पेक्स तीन पत्तामा २७ वटा बरामद भएको उनले बताए। यादवलाई मिर्चैया प्रहरीमा राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)